# स्थानीय राजपत्र


## उमाकुण्ड गाउँपालिका, रामेछापद्वारा प्रकाशित

खण्ड : ६ संख्या : ५ मिति : २०७९/०८/२३


## भाग - २

# उमाकुण्ड गाउँपालिका
# खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७९

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखि सु-संस्कृत समाजको निर्माण गर्न, स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गरि परिवर्तनप्रति सचेत रही स्वस्थ एव्म अनुशासित नागरिकको पहिचान बनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा खेलाडी उत्पादन गर्न र खेलकुदको क्षेत्रलाई विकास गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी उमाकुण्ड गाउँपालिकाले खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालनसम्बन्धी कार्यविधि, २०७९ बनाई कार्यपालिकाबाट स्वीकृत गरी सबैको जानकारीको लागि स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ।

# उमाकुण्ड गाउँपालिका
# खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना :**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखि सु-संस्कृत समाजको निर्माण गर्न, स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिक्रम र परिवर्तनप्रति सचेत रहि स्वस्थ एव्म अनुशासित नागरिकको पहिचान बनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा खेलाडी उत्पादन गर्न र खेलकुदको क्षेत्रलाई विकास गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी उमाकुण्ड गाउँपालिकाले खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७९ बनाई कार्यपालिकाबाट स्वीकृत गराई लागु गरेको छ।

## परिच्छेद–१
## नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम उमाकुण्ड गाउँपालिका खेलकुद विकास समिति गठन एंव क्रियाकलाप संचालनसम्बन्धी कार्यविधि, २०७९ रहने छ। यो कार्यविधि कार्यपालिकाबाट निर्णय भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) "कार्यविधि"भन्नाले "उमाकुण्ड गाउँपालिका, खेलकुद विकास समिति गठन एवं क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७९" भन्ने सम्झनुपर्छ।

(२) खेलकुद विकास समिति भन्नाले दफा ४ बमोजिम गठित खेलकुद समिति सम्झनु पर्छ ।

(३) टिम, क्लब, संघ, संस्था भन्नाले उमाकुण्ड गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका उमाकुण्ड गाउँपालिका क्षेत्र भित्रका टिम, क्लब र संघसस्थाहरु भन्ने सम्झनु पर्छ ।

(४) खेलाडी भन्नाले टिम, क्लब, संघसंस्थासंग सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ ।

(५) प्रशिक्षार्थी भन्नाले खेलकुद विकास समितिद्वारा संचालित खेलकुद प्रशिक्षकमा सहभागी खेलाडी, टिम, क्लब, संघसंस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ ।

(६) प्रशिक्षक भन्नाले उमाकुण्ड गाउँपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षण, टिम, क्लब, संघसंस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद शिक्षक भन्ने सम्झनु पर्छ ।

(७) गाउँपालिका भन्नाले उमाकुण्ड गाउँपालिकालाई भन्ने सम्झनु पर्छ ।

(८) कार्यपालिका भन्नाले उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिका भन्ने सम्झनु पर्छ ।

(९) प्रमुख भन्नाले उमाकुण्ड गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(१०) प्रमुख प्रशासकीय अधिकृत भन्नाले उमाकुण्ड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(११) पदाधिकारी सदस्य भन्नाले समितिको सम्पूर्ण सदस्यलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## उद्देश्य

३. **खेलकुद विकास समितिका उद्देश्यहरु :**

(१) गाउँपालिकाको क्षेत्रभित्रको कला, संस्कृति र खेलकुदको विकास, प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुऱ्याउने ।

(२) पालिकाभित्र खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बिचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

(३) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान्, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने ।

(४) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसंस्थालाई परिचालन गर्ने ।

(५) खेलकुदको माध्यमबाट गाउँपालिकाबासीहरुलाई नागरिक र सामाजिक भावनाप्रति सचेत गराउने ।

(६) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहित गर्ने ।

(७) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संघसंस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने ।

(८) खेलकुदका विभिन्न गतिविधिलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

(९) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारीरिक व्यायामसँगै खेलकुद व्यवस्था गर्न सहयोग पुऱ्याउने ।

(१०) उमाकुण्ड गाउँपालिकाभित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने नागरिक तयार गर्ने ।

(११) टिम, क्लब, संघसंस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद विकास समितिहरुको व्यवस्थापन गर्ने गराउने ।

(१२) गाउँपालिका अर्न्तगतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

(१३) खेलकुद विकास समिति अर्न्तगत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

## परिच्छेद ३

## खेलकुद विकास समितिको गठन र बैठक कार्यक्रम

४. (१) खेलकुदको क्षेत्रमा क्रियाशिल र ख्याती प्राप्त व्यक्ति मध्येबाट गाउँ कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी गाउँपालिकामा एक खेलकुद विकास समिति गठन गर्ने छ ।

(क) उल्लेखित सदस्यहरु मध्ये पालिका प्रमुखले मनोनित गरेको -१ जना (अध्यक्ष)

(ख) पालिका प्रमुखले तोकेको एक महिला सदस्य सहित -४ जना सदस्य

(ग) कार्यपालिकाले तोकेको -३ जना सदस्य

(घ) जिल्ला खेलकुद विकास समिति अध्यक्ष वा निजले तोकेको एक प्रतिनिधि -१ जना सदस्य

(ङ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक -१ जना सदस्य

(च) गाउँपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारी मध्ये -१ जना सदस्य सचिव

(२) उल्लेखित सदस्यहरु मध्येबाट खेलकुद विकास समितिले उपाध्यक्ष मनोनित गर्नुपर्ने छ ।

५. खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ४ वर्षको हुनेछ।

६. सदस्य सचिवको हकमा निर्णयहरु गाउँपालिकाको निर्णयअनुसार हुनेछ।

७. अध्यक्षले कुनै कारणले पदबाट राजिनामा दिन चाहेमा पालिका प्रमुख समक्ष र उपाध्यक्ष र सदस्यले अध्यक्ष समक्ष राजिनामा दिनुपर्ने छ।

८. पदावधि बाँकी हुँदै कुनै कारणबाट कुनै पद रिक्त हुन आएमा निजको जुन प्रकारले नियुक्ति भएको हो सोही प्रकारले बाँकी अवधिका लागि अर्को सदस्य चयन हुनेछ।

९. समितिका कुनै सदस्यको कार्य सम्पादन सन्तोषजनक नदेखिएको भनि गाउँ कार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी वा सदस्यलाई पदबाट हटाउन वा फिर्ता बोलाउन सक्ने छ। साथै त्यसरी रिक्त भएको पदमा बाँकी अवधिका लागि पहिला जुन प्रकारले नियुक्ति भएको हो सोही प्रकारले नयाँ नियुक्ति गर्न सक्ने छ।

१०. समितिको पदाधिकारी तथा सदस्यमा मनोनयन हुनका लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्ने छ।

(१) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक

(२) गाउँपालिकाभित्रको स्थायी बासिन्दा (सदस्य सचिव बाहेक)

(३) खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको

(४) प्रचलित कानुनले अयोग्य नभएको

११. **अध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) खेलकुद विकास समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ।

(२) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने।

(३) जिल्ला, स्थानीय/प्रदेश, राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा पालिकाको प्रतिनिधित्व गर्ने।

(४) खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नुपर्ने सम्पूर्ण सिफारिसहरु गर्ने।

(५) समितिले तोकेको अन्य कामहरु गर्ने/गराउने ।

१२. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार** :

(१) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने ।

(२) समितिलाई नीतिगत रुपमा सरसल्लाह प्रदान गर्ने ।

(३) समितिको निर्णय कार्यान्वयन गर्ने ।

(४) निर्णयअनुसार कोषको खर्च खाता संचालन गर्ने ।

(५) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूचि र सामाग्री जुटाउने ।

(६) बैठकको माइन्यूट उठाउने बैठक संचालनसम्बन्धी आवश्यक काम गर्ने ।

(७) खर्चमा मितव्ययिता अपनाउने र नियन्त्रण कायम गर्ने ।

१३. **समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ** :

(१) समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्बर्द्धन गर्ने ।

(२) पालिका तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गर्ने ।

(३) सम्बद्ध कार्यका लागि वार्षिक योजना तयार गरी गाउँ सभाको बैठकमा पेश गर्ने ।

(४) गाउँपालिका वा गाउँ सभाले स्वीकृत गरेका कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(५) खेलकुद क्षेत्रका प्रतियोगिताहरु आयोजना गर्न सहयोग गर्ने ।

(६) खेलाडी, प्रशिक्षक, निर्णायकहरुलाई तालिम गराउने, प्रतियोगितामा सहभागी गराउने ।

(७) खेल विषयमा विद्यालय स्तरमा छलफल तथा अन्तरक्रिया गरी शैक्षिक क्रियाकलाप संचालन गराउने ।

(८) खेलकुद क्षेत्रमा क्रियाशिल व्यक्तिहरुलाई सम्मानित, पुरस्कृत गर्न सिफारिस गर्ने र समिति आफैँले पनि सम्मान, पुरस्कृत गर्ने ।

(९) तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठिको आयोजना गर्ने ।

(१०) खेल र खेलकुद क्षेत्रको अध्ययन अनुसन्धान, प्रकाशन गर्ने र खेलाडी, प्रशिक्षक, व्यवस्थापकहरुको बारेमा कृति प्रकाशन गर्ने ।

(११) खेलकुद क्षेत्रको विकासको लागि भौतिक निमार्ण, कवर्ड हल, खेल मैदान, खेलाडी उत्पादन, प्रशिक्षक तथा निर्णायक व्यक्ति उत्पादन र स्तर वृद्धिको लागि योजना बनाई गाउँपालिकामा पेश गर्ने ।

(१२) वडासम्म खेलकुद विकास गर्न वडास्तरमा समेत खेलकुद समिति गठन र कार्यक्रम संचालन गर्ने ।

(१३) सम्बन्धित क्षेत्रको अन्य विविध कार्यहरु गर्ने गराउने ।

## परिच्छेद ४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

१४. खेलकुद विकास समिति आफैँले वा गाउँपालिकामा दर्ता भएका टिम, क्लबहरुमार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

१५. खेलकुद विकास समिति आफैँले वा गाउँपालिकाभित्रका टिम, क्लबहरु मार्फत स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय टिमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्न वा गराउन सक्ने छ ।

१६. **सल्लाहकार समितिको गठन** : खेलकुद विकास समितिले गाउँपालिका प्रमुखसँगको परामर्शमा आवश्यकताअनुसार सल्लाहकार समितिको गठन गर्न सक्ने छ ।

१७. **अन्य उपमितिहरुको गठन** : खेलकुद विकास समितिले कुनै खेलकुद कार्यक्रम संचालन गर्न वा कुनै खेल विशेषलाई प्राथमिकता दिई उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्ने छ ।

१८. **वडा स्तरीय खेलकुद समिति गठन गर्ने** : खेलकुद विकास समितिले गाउँपालिकाभित्रका सबै वडाहरुमा खेलकुद विकास गर्नका लागि ५ सदस्यीय वडा स्तरीय खेलकुद विकास समिति गठन गर्न सक्ने छ ।

- वडा स्तरीय खेलकुद विकास समिति गठन गर्दा निम्न सदस्यहरु समेट्ने गरी गर्नु पर्नेछ।

  १. पालिका स्तरीय खेलकुद विकास समितिको सदस्य/संयोजक-संयोजक

  २. वडा अध्यक्ष वा निजले तोकेको एक सदस्य-सदस्य

  ३. वडामा अवस्थित माविको खेलकुद हेर्ने शिक्षक-सदस्य

  ४. सम्बन्धित वडाको संघ/संस्थाको प्रतिनिधिमध्ये एक -सदस्य

  ५. सम्बन्धित वडाको भूपू खेलाडी/रेफ्री/खेलप्रेमी-सदस्य

  ६. वडा अध्यक्षले तोकेको एक महिला-सदस्य

  ७. वडा सचिव-सदस्य सचिव

१९. वडा स्तरीय खेलकुद समितिले खेलकुद सम्बन्धि तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि वडामा खेलकुद विकास कोषको व्यवस्था गर्न सक्नेछ।

२०. **कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ :**

  १. नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्,प्रदेश सरकार,जिल्ला खेलकुद विकास समिति पालिका खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संघ,संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम

  २. गाउँपालिकाबाट प्राप्त रकम

  ३. विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम

  ४. समितिले प्राप्त गरेको पुरस्कार,चन्दा र सहयोग रकम

२१. यस कोषको संचालन अध्यक्ष र सदस्य सचिवको हस्ताक्षरबाट हुनेछ।कोषको लेखा पद्धति गाउँपालिकाको खेलकुद विकास समिति सरह नै हुनेछ।

## परिच्छेद ५

## पालिका क्षेत्रभित्रका टिम,क्लब र संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

२२. उमाकुण्ड गाउँपालिकाभित्रका टिम, क्लब, समिति र संस्था आदिले खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न गाउँपालिकाले तोकेको दस्तुर तिरी दर्ता पनि गर्नुपर्ने छ।

२३. दर्ता भएका टिम, क्लब, पुस्तकालयले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी खेलकुद विकास समितिबाट स्वीकृती लिनुपर्ने छ स्वीकृतीको प्रक्रिया गाउँपालिका खेलकुद विकास समितिले तोकेबमोजिम हुने छ।

२४. दर्ता वा नविकरण गर्नुभन्दा पहिले गाउँपालिका खेलकुद विकास समिति वा समितिले तोकेको प्रतिनिधिद्धारा सम्बन्धित ठाउँको निरीक्षण गर्नुपर्नेछ।

२५. गाउँपालिकामा दर्ता भई खेलकुद समितिबाट स्वीकृती लिएका टिम, क्लब, संघसंस्थाहरुले गाउँपालिका खेलकुद समितिको उद्देश्यअनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई खेलकुद विकास समितिले उपलब्ध बजेट सिमाभित्र रहि देहायअनुसारको आर्थिक सहयोग उपलब्ध गराउन सक्ने छ।

(१) वडा व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. ३०००।- देखी रु. ५००० सम्म

(२) पालिका व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. ५०००।- देखी रु.७००० सम्म

(३) जिल्ला व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु.७०००।- देखी रु.१०००० सम्म

(४) प्रादेशिक वा राष्ट्रियस्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु.१००००।-देखी रु.२०००० सम्म

(५) गाउँपालिकामको परिचय तथा कला संस्कृतिमा विशेष योगदान पुऱ्याउने प्रतियोगिताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुऱ्याउन गाउँपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराइने छ।

## परिच्छेद ६

## कार्यक्रम संचालन तथा व्यवस्थापन

२६. खेलकुद विकास समितिले गाउँपालिकासँगको परामर्शमा देहायबमोजिमका कार्यक्रमहरु संचालन गर्न सक्नेछ :

(१) राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक, टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

(२) खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्ने छ।

(३) राष्ट्रिय तथा अन्र्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मान बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्ने छ।

(४) गाउँपालिकाको कला, संस्कृती र खेलकुद विकासको लागि आवश्यकताअनुसार टिम, क्लब, संघसंस्थाका प्रतिनिधिहरुको ग्याली बोलाउन सक्ने छ।

(५) पालिकाभित्र खेलकुद लगायतका विविध क्रियाकलापहरु संचालन गर्ने छ।

## परिच्छेद ७

## खेलकुद प्रतियोगिता व्यवस्थापन

२७. अन्तर पालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय अन्र्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टिम, क्लब, संघ संस्था वा विद्यालय, कलेजलाई सहभागी गराइनेछ।

२८. खेलकुद समितिले विर्णय गरेबमोजिम गाउँपालिका क्षेत्रभन्दा बाहिर सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिने छ।

(१) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि हुने खर्च उपलब्ध गराइनेछ। खान बस्नका लागि खर्च गर्दा मितव्ययिता अपनाउनु पर्छ। पालिका भन्दा बाहिर खान बस्नका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ८००।-भन्दा नबढ्ने गरी खर्च गर्नुपर्ने छ।

(२) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु. ५००।- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइने छ।

(३) खेलकुद पोशाकको हकमा प्रति खेलाडी र प्रशिक्षकलाई बढीमा वार्षिक रु. २५००।- सम्मको सुविधा दिन सक्ने छ। तर खेलाडीले कुनै न कुनै प्रतियोगितामा भाग लिएको हुनुपर्ने छ।

२९. पालिकाभित्र संचालन हुने खेलकुद कार्यक्रममा भाग लिँदा खान, बस्न प्रतिव्यक्ति प्रतिदिन रु.५००।-मा नबढ्ने गरी समितिले निर्णय गरे बमोजिम हुने छ।

३०. खेलकुद विकास समितिले गाउँपालिकाको स्वीकृतीले पालिका क्षेत्रभित्र विभिन्न खेलकुद तथा खेलाडीको लागि पोशाकको निर्धारण तथा व्यवस्थापन गर्न सक्ने छ।

## परिच्छेद ८
## तालिम तथा प्रशिक्षण व्यवस्थापन

३१. खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकताअनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ।

३२. प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन चाहेमा सम्बन्धित वडाको सिफारिस सहित खेलकुद विकास समितिमा निर्धारित फारम बुझाई आवेदन दिनुपर्ने छ।

३३. प्रशिक्षार्थीको फारम तथा अन्य शुल्क समितिको सिफारिसमा गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

३४. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा

एक जना प्रशिक्षक र एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्त प्रशिक्षक र सहायक प्रशिक्षकलाई खेलकुद विकास समितिले तोकेबमोजिम सेवा सुविधा उपलब्ध गराइने छ ।

३५. कुनैपनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको हुनेछ । प्रशिक्षण अवधिको म्याद आवश्यकतानुसार थपघट गर्न सकिन्छ ।

३६. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान सम्बन्धित व्यक्ति आफैंले जुटाउनुपर्ने छ ।

३७. प्रशिक्षणमा सहभागी हुने व्यक्तिहरुबाट खेलको प्रकृति र प्रशिक्षकको उपलब्धताका आधारमा खेलकुद विकास समितिले मासिक शुल्क लिन सक्नेछ ।

३८. प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी समितिमा माग गर्ने, प्रशिक्षण सामाग्रीमो अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासित राख्ने र प्याकेज प्रोगाम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनुपर्ने छ ।

३९. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नुपर्ने छ ।

४०. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा गप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृत भएअनुसार गरिने छ ।

४१. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः सञ्चालन गर्न आवश्यक भएको सूचना मिलेमा खेलकुद विकास समितिको निर्णयअनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

## परिच्छेद ९

## खेलकुद विकास कोषको व्यवस्था

४२. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि गाउँपालिकामा खेलकुद विकास कोषको व्यवस्था गरिने छ ।

४३. **कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ :**

(१) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संघ, संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम

(२) गाउँपालिकाबाट प्राप्त रकम

(३) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम

(४) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम

(५) पालिका भित्रका टिम,क्लबबाट उठेको आवेदन शुल्क, फारम शुल्क र प्रशिक्षकबाट प्राप्त शुल्क र प्रशिक्षणबाट प्राप्त शुल्क

(६) समितिले प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम

४४. यस कोषको संचालन अध्यक्ष र सदस्य सचिवको हस्ताक्षरबाट हुनेछ । कोषको लेखा पद्धति गाउँपालिकाको लेखा पद्धति सरह नै हुनेछ ।

४५. खेलकुद विकास समितिको निर्णयानुसार रकम खर्च गरिनेछ । समितिको बैठक बस्न नसकेको अवस्थामा खर्च गर्नुपर्ने भएमा अध्यक्षले त्यस्तो खर्च गरी त्यसपछि बस्ने समितिको बैठकबाट अनुमोदन गराउनुपर्ने छ।यस्तो खर्च एक पटकमा रु.२००००।-भन्दा बढी हुनुहुँदैन ।

४६. कोषको रकम खेलकुद गतिविधि संचालनका अतिरिक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सामाग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिने छ।

४७. कोषको कूल आम्दानीको १०% भन्दा बढी कार्यालय प्रयोजनको लागि तलबभत्ता वा प्रशासनिक खर्च गर्न पाइने छैन । सो भन्दा बढी खर्च हुने अवस्था आएमा गाउँपालिकाको स्वीकृती लिनपर्ने छ ।

## परिच्छेद १०

## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

४८. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नुपर्ने छ।

४९. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको मागअनुसार खेलकुद विकास समितिले कोषबाट मर्मत सम्भार गर्नेछ। तर, रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनुपर्ने छ।

५०. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, कर्वड हल मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न खेलकुद विकास समितिको निर्णयानुसार माग भई आएमा गाउँपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम् सहभागीको समर्थनको आधारमा गर्ने छ।

## परिच्छेद ११

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

५१. **अनुशासनको कार्वाही** : खेलाडी, प्रशिक्षक, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनुपर्ने छ। कसैले अनुशासन र आचारसंहिता उल्लंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्ने छ। तर, एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाइसकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता/ प्रशिक्षण/ व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा खेलकुद विकास समितिले निलम्बन गर्न सक्ने छ।

५२. वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई खेलकुद समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिने छ।

## परिच्छेद १२
## विविध

(१) गाउँपालिकाले तोकेबमोजिमको समितिको छुट्टै छाप, लेटरप्याड र साइबोर्ड हुनेछ।

(२) कर्मचारी तथा अन्य आवश्यकताका बारेमा गाउँपालिकासँग समन्वय गरी गर्नुपर्ने छ।

(३) गाउँपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित सदस्य सचिवले प्रमुख प्रशासकीय अधिकृत समक्ष गर्नुपर्ने छ।

(४) कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नु परेमा वा विवाद भई अन्तिम निर्णय दिनु परेमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

(५) स्वीकृत बजेटको सिमाभित्र रहि खर्च गर्ने गरी समितिका पदाधिकारी र सदस्यको सुविधा र बैठक भत्ता सम्बन्धमा निम्नअनुसार हुनेछ।

(क) खेलकुद विकास समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ।

(ख) समितिका सदस्यहरुलाई बैठक बस्दा बैठक भत्ता वापत प्रति व्यक्ति रु. १५००।- का दरले नियमानुसार कर कट्टा गरी उपलब्ध गराइने छ।

(ग) नगर खेलकुद विकास समिति संयोजक टेलिफोन, पत्रपत्रिका, यातायात र विविध खर्च वापत प्रति महिना रु. ८०००।- (पाँच हजार) भत्ता उपलब्ध गराइने छ। वडास्तरीय खेलकुद विकास समिति अनुगमन गर्न वा खेलकुदसम्बन्धी अन्य कार्यको लागि पालिका प्रमुखको स्वीकृतीमा अधिकृतस्तरको कर्मचारीले पाए सो सरह दैनिक भ्रमण भत्ता पाउने गरी अनुगमनमा खटाउन सकिने छ।

**प्रमाणीकरण मितिः २०७९।०८।२३**

**आज्ञाले,**
**दिल कृष्ण श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**